परजीवीहरू विरूद्ध औषधि खुवाउनु पर्दछ । त्यसै गरी प्रायजसो बंगुरको शरिरको बाह्य भागमा देखा पर्ने लुतो, किर्ना, जुम्रा, आदि देखिएमा समयमै सावधानी पूर्वक नियन्त्रण गर्नु पर्छ ।

## ५. समयमै बाली जाने व्यवस्था मिलाउने

### क. पहिलो पटक बाली जाने उमेर

८ देखि ९ महिना उमेर र ६० देखि ८० के.जी. शारिरीक तौल भएकोलाई पहिलो पटक भाले खोजेमा भालेसँग नमिसाई दोस्रो पटकमा मिसाउनु पर्दछ । सामान्यतया बाली जाने उमेर भन्दा उमेर बढ्दै गयो र बाली गएन भने लागतमा वृद्धि हुन जान्छ । त्यस कारण पहिलो पटक बाली जाने उमेरको आधारमा समयमै बाली जाने तर्फ ख्याल गर्नु पर्दछ ।

### ख. दुई बेतको अन्तर

साधारणतया दूध छुटाएको ७ देखि १५ दिनभित्र माउहरूले भाले खोज्छन् । राम्रो जातको बंगुर २ वर्षमा ५ पटकसम्म ब्याउन सक्छ । समयमै माउले भाले नखोजेमा प्राविधिकको सहयोगमा दुई बेतको अन्तर कम गरी प्रति ईकाइ माउबाट बढी भन्दा बढी पाठापाठी उत्पादन लिन सकिन्छ ।

### ग. समयमै गर्भाधान गराउने

सफल प्रजनन् र बच्चा धेरै उत्पादन गर्नको लागि ऋतुचक्रमा आएका भुनिलाई त्यसको १८ देखि २४ घण्टाभित्रमा भाले लगाउनु बेश हुन्छ ।

यी माथि उल्लेख गरिएका बुँदाहरूमा ध्यान दिई समयमै बाली जाने व्यवस्था गर्न सकिएमा प्रति ईकाइ उत्पादन वृद्धि भई उत्तिकै लगानीमा बढी लाभ लिन सकिन्छ ।

## ६. उत्पादन लागत कम गर्न ध्यान दिनु पर्ने केही अन्य बुँदाहरू

क. बंगुरको खोर भित्र (वरपर पनि) बाह्य मान्छे वा अन्य जीवजन्तुहरूको प्रवेश निषेध गर्नु पर्छ ।

ख. त्यस्तो कुनै खर्च कटौति वा क्रियाकलाप नगर्नुहोस् जसले बंगुरको गर्भाधानमा नकारात्मक असर पार्न सक्छ ।

ग. आय-व्ययको अभिलेख राख्नुहोस् जसले गर्दा कति लागत र कति लाभ आई रहेको छ भन्ने कुराको आधारमा अन्य निर्णय गर्न सहयोग पुगोस् ।

घ. उत्पादनका साधनहरू (खास गरी जग्गा, उपलब्ध जनशक्ति, वस्तुगत पूँजी आदि) को बढी भन्दा बढी उपयोग हुने गरी बंगुर पालनको लागि संख्या निर्धारण गर्नुहोस् ।

ङ. खोर बनाउँदा स्थानीय सामाग्रीहरूको प्रयोग गरी बनाउनुहोस् र खोर डिजाईन गर्दा खोरमा प्रशस्त घामलाग्ने गरी तयार गर्नुहोस् ।

च. अनुत्पादक बंगुरहरू समयमै हटाउनुहोस् र हाडनातामा प्रजनन् नगराउनु होस् ।


लेखन तथा सम्पादन

श्याम सुन्दर यादव, पशु विकास अधिकृत

(shyamtiti@gmail.com)



(आ.व. २०७५/०७६)


# न्युनतम् लागतमा बंगुरपालन






नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

**गाई आनुवंशिक श्रोत केन्द्र**

जिरी, दोलखा, फोन नं. ०४९-४०००६६

website: www.cgrcjiri.gov.np, ldfjiri2014@gmail.com

## परिचय

बंगुरपालन व्यवसायलाई निर्वाहमुखिबाट व्यवसायिकरण तर्फ लैजानु आजको आवश्यकता रहेको छ । व्यवसायिकता तर्फ जाँदा एकातिर लागत र अर्कोतिर लाभको लेखाजोखा गर्नु पर्दछ । यस्तो अवस्थामा कि त लाभको अंश बढाउन सक्नु पर्छ कि त लागतको अंश घटाउन सक्नु पर्छ । बजारमा भएको प्रतिस्पर्धात्मक उत्पादनको कारण लाभको अंश बढाउनेतिर लाग्नु भन्दा लागत घटाउने उपायहरू खोज्न सकियो भने पनि प्रति ईकाइ लाभ बढी लिन सकिन्छ । लागत कम गर्नको लागि केही मुख्यमुख्य बुँदाहरूको बारेमा यहाँ छलफल गरिएको छ ।

## १. बढी पाठापाठी उत्पादन दिने उपयुक्त जातको बंगुर पाल्ने

नेपालमा पाईने विभिन्न उन्नत जातका बंगुरहरूः योर्कसायर, ल्याण्डरेस, ड्युरोक, ह्याम्पसायर, टेमवर्थ आदि वा तिनिहरूको वर्णशंकरहरू मध्ये उपलब्धताको आधारमा बंगुर पाल्नु पर्दछ । बंगुरको जात छान्दा बढी उत्पादकत्व भएको जात छान्नु पर्दछ । बंगुरका उत्पादकत्व सुचकाङ्कलाई हेर्दा तुलनात्मक रूपमा ल्याण्डरेस जातमा प्रति बेत पाठापाठी जन्माउने संख्या बढी भएको पाईन्छ भने दूध छुटाउँदा पाठापाठीको बढी तौल योर्कसायरमा देखिन्छ । यसैगरी जन्मिदा पाठापाठीको तौल हेम्पसायरमा बढी देखिन्छ भने दूध छुटाउँदासम्मको पाठापाठीको मृत्युदर ल्याण्डरेस र योर्कसायरको वर्णशंकरमा थोरै भएको देखिन्छ । कुनैकुनै समुदायमा कालो रंगको बंगुरको माग बढी हुन्छ । यी माथिका बुँदाहरूलाई घ्यानमा राखि उपयुक्त जात र बढी उत्पादकत्व भएको बंगुर पाल्न सकेमा उति नै लगानीमा बढी आम्दानी लिन सकिन्छ ।

## २. आहाराको समुचित व्यवस्थापन

बंगुरपालनमा ७० देखि ७५ प्रतिशत जति खर्च दानामै खर्चिन्छ र कहिलेकाहीं त ८० प्रतिशतसम्म पनि पुग्ने गर्दछ । एक किलो मासु उत्पादनका लागि ३ किलो जति र पछि ५ किलो जति दाना लाग्ने हुँदा गुणस्तर र सन्तुलित दाना दिन नसकेको खण्डमा प्राप्त हुने प्रतिफलमा कमि हुन जान्छ ।

### क. निश्चित प्रतिशतसम्म दानाको बैकल्पिक उपाय अवलम्बन गर्ने

आहारामा दाना तथा अन्य खाद्य पदार्थ नै अत्याधिक मात्रामा आवश्यक पर्दछ । बंगुर एक नउग्राउने खालको पशु भएकोले यसले गाईवस्तु वा भेडाबाख्राको जस्तो घाँस पराल



पचाउने क्षमता त राख्दैन तैपनि नरम पोषिलो घाँसलाई यसको आहारामा २० प्रतिशतसम्म दिन सकिन्छ । जस्तै गाई आनुवंशिक श्रोत केन्द्र जिरीमा रहेको बंगुरहरूलाई कलिलो जै, राईघाँस तथा केहि स्थानीय घाँसहरूको प्रयोग गर्ने गरिएको छ । यसरी निश्चित प्रतिशतसम्म दानामा कटौति गर्न सकिन्छ ।

### ख. स्थानीयस्तरमा पाईने अन्य खाद्य वस्तुहरूको प्रयोग

बंगुरलाई होटलको उब्रेको खाना, फलफूलको बोक्राहरू, तरकारी केलाउँदा निस्केका तरकारीजन्य पदार्थहरू, कर्कलो, तरूल, लौका, फर्सी, खर्बुजा, सकरखण्ड, साग, बन्दा, जलकुम्भि, कट मिसाएर त्यसलाई पकाई खुवाउन सकिन्छ । यी पदार्थहरू खुवाउँदा पदार्थको पौष्टिकता हेरी दानाको परिमाणमा ५० प्रतिशतसम्म कटौति गर्न सकिन्छ । यसै गरी बंगुरको दानामा मकैको सट्टा करिब ३० प्रतिशतसम्म बेकरीजन्य उप-पदार्थहरूको प्रयोग गरी उत्पादन लागत घटाउन सकिन्छ ।

### ग. बंगुरको उत्पादन अवस्थाको आधारमा दाना खुवाउने

बंगुरको अवस्था (थारो, गर्भिणी, दूध खुवाउँदै गरेको माउ, आदि) को आधारमा आहाराको मात्रा निर्धारण गरी सकेसम्म भिन्दाभिन्दै वा अलग-अलग समुह बनाई आहारा खुवाउने व्यवस्था मिलाउनु पर्दछ ।

### घ. दाना खेर जान नदिने

दाना दिने भाँडा (फिडर) हरूको समय समयमा मर्मत संभार गरेर बंगुरलाई दाना दिंदा नोक्सान हुनसक्ने दानाको अंश घटाउन सकिन्छ ।

## ३. नियमित रूपमा संक्रामक रोगहरू विरुद्ध खोप लगाउने

बंगुरमा लाग्ने मुख्यमुख्य रोगहरू जस्तै स्वाईनफिभर, खोरेत, पट्के, आदि विरूद्ध प्राविधिकको सहयोगमा तालिका नै बनाई खोप लगाउँदा रोग लागेर हुने क्षतिलाई कम गर्न सकिन्छ ।

## ४. आन्तरिक परजीवी विरुद्ध औषधि खुवाउने र बाह्रय परजीवी नियन्त्रणका उपायहरू अवलम्बन गर्ने

आन्तरिक परजीवीले नजानिदो पारामा उत्पादनमा नकारात्मक असर पारी रहेको हुन्छ । जसको कारण उत्पादनमा कमि भई प्रति ईकाइ लागत बढी रहेको हुन्छ । त्यस कारण प्रत्येक चार-चार महिनामा प्राविधिकको सहयोगमा आन्तरिक